लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त

# २५ वर्षे परिवर्तनको लेखाजोखा

**अढाइ दशकअघि एक्काटुक्का कलेज मात्र निजी थिए, अहिले निजीकै भरमार छ। २०४६/४७ सालमा आठ प्रतिशतभन्दा कम विद्यार्थी सामुदायिक तथा निजी कलेजमा अध्ययन गर्थे भने ९२ प्रतिशत विद्यार्थी सरकारले सबैजसो खर्च बेहोर्ने आंगिक क्याम्पसमा पढ्थे। अहिले करीब ३१ प्रतिशत विद्यार्थी मात्र सरकारी सहयोगमा चल्ने कलेजमा पढ्छन्।**

२०४६ सालको राजनीतिक परिवर्तनपछि आशा गरिए अनुरूप नेपालको राजनीति सङ्लिन सकेन र मुलुक एकपछि अर्को समस्याको जञ्जालमा फँस्दै गयो। राजनीतिक अस्थिरताको श्रृंखलाबाट मुलुक बाहिरिन नसके पनि समाजका विभिन्न क्षेत्रमा यो अढाइ दशकको अवधिमा अभूतपूर्व परिवर्तन भने भएकै पाइन्छ। यस्तो परिवर्तनबाट शिक्षा क्षेत्र पनि अछुतो छैन। उच्च शिक्षा प्रदायक संस्था र विद्यार्थी संख्यामा यो कालखण्डमा उल्लेख्य विस्तार भएको छ। यद्यपि, यस्तो विस्तारका सकारात्मक र नकारात्मक दुवै पक्ष छन्। यो आलेखमा विगत २५ वर्षमा उच्च शिक्षाको स्वरुपमा आएको परिवर्तनका केही महत्त्वपूर्ण पक्षबारे चर्चा गरिन्छ।

### उत्साह जगाउने पक्ष

सरकारी प्रतिवेदनहरूका अनुसार २०४६/४७ सालमा नेपालमा स्नातक र सोभन्दा माथिल्लो तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या करीब ३३ हजार थियो भने आर्थिक वर्ष २०७०/७१ मा चार लाख ५९ हजार पुगेको छ। अर्थात् २०४६/४७ को भन्दा १४ गुणा बढी विद्यार्थी अहिले नेपालभित्रै उच्च शिक्षा अध्ययनरत छन्। त्यसबाहेक, उच्च शिक्षा अध्ययनका लागि वर्षेनि विदेशिने नेपालीको संख्या पनि उल्लेख्य छ। एक अनुमान अनुसार २०४६ सालमा जति नेपाली विद्यार्थी नेपालभित्रै उच्च शिक्षा अध्ययन गरिरहेका थिए कम्तीमा त्यसको आधा विद्यार्थी अहिले विदेशमा पढ्न जान्छन्।

आफ्नै विगतको तुलनामा नेपालले अहिले गरेको प्रगति उल्लेख्य मान्न सकिए पनि अन्य देशको तुलनामा भने यो कमजोर नै छ। नेपालको उच्च शिक्षाको कुल भर्ना दर (Gross Enrolment Rate, GER) अहिले पनि करीब १७ प्रतिशत मात्र छ। जबकि समग्र विश्वको उच्च शिक्षामा कुल भर्ना दर ३० प्रतिशतभन्दा बढी छ। विकसित मुलुकमा सो दर ७० देखि माथि देखिन्छ।

### उच्च शिक्षाको सहज उपलब्धता

विद्यार्थीसँगै उच्च शिक्षा प्रदायक संस्थाको संख्यामा पनि उल्लेख्य वृद्धि भएको यो अवधिमा देख्न सकिन्छ। २०४६ सालमा नेपालमा दुइटा विश्वविद्यालय र पुगनपुग २०० क्याम्पस सञ्चालनमा थिए,



thehimalayantimes.com

**त्रिविको ४१औं दीक्षान्त समारोह :** उच्च शिक्षामा छात्राको संख्याले छात्रलाई उछिनेको छ।

जसमध्ये ६५ आंगिक क्याम्पस थिए भने बाँकी मूलत: त्रिविसँग सम्बन्धन लिएर चलेका सामुदायिक क्याम्पस। २०७०/७१ सालसम्म आइपुग्दा नौ ओटा विश्वविद्यालय र १,३६९ ओटा कलेज स्थापना भई सञ्चालनमा रहेका छन्। मुलुकका सबैजसो जिल्लामा क्याम्पस स्थापना भइसकेकाले 'दुर्गम' भन्ने गरिएका क्षेत्रका विद्यार्थीले पनि आफ्नै थातथलोमा उच्च शिक्षा आर्जन गर्ने अवसर जुटेको छ। तर, उच्च शिक्षालयको यस्तो विस्तार सरकारी प्रयत्नका कारण मात्र सम्भव भएको होइन। यो उपलब्धि शुरूमा स्थानीय अभियन्ताहरूको सामुदायिक प्रयत्न र पछिल्ला वर्षहरूमा निजी लगानीकर्ताहरूका कारण सम्भव भएको हो।

२०४६ सालअघिका ६९ ओटा आंगिक कलेज (सरकारी) मा त्यसपछिको २५ वर्षमा ३३ ओटा मात्र सरकारी कलेज थपिए, जबकि गैरसरकारी क्षेत्रका कलेजको संख्यामा भारी वृद्धि भएको छ। अहिले मुलुकमा सञ्चालित ९२ प्रतिशत कलेज सरकारले खोलेको होइन। २०७०/७१ सालसम्ममा मुलुकभर ४३९ सामुदायिक र ८३९ निजी क्याम्पस खुलिसकेका छन्। मननयोग्य के छ भने अढाइ दशकअघि एक्कादुक्का कलेज मात्र निजी थिए, अहिले निजीकै भरमार छ। २०४६/४७ सालमा आठ प्रतिशतभन्दा कम विद्यार्थी सामुदायिक तथा निजी कलेजमा अध्ययन गर्थे भने ९२ प्रतिशत विद्यार्थी सरकारले सबैजसो खर्च बेहोर्ने आंगिक क्याम्पसमा पढ्थे। २५ वर्षपछि उक्त अनुपात परिवर्तन भएर अहिले करीब ३१ प्रतिशत विद्यार्थी मात्र सरकारी सहयोगमा चल्ने कलेजमा पढ्छन्। (यी कलेजमा समेत कतिपय विषयमा निजीसरह नै शुल्क लिन शुरू गरिएको छ) भने बाँकी ६९ प्रतिशत विद्यार्थी निजी र सामुदायिक कलेजमा।

## छात्रलाई छात्राले उछिने

यो २५ वर्षे अवधिमा नेपालको उच्च शिक्षामा देखिएको अर्को महत्त्वपूर्ण परिवर्तन छात्राहरूको संख्यामा देखिएको ठूलो वृद्धि हो। विश्वविद्यालय अनुदान आयोगको पछिल्लो प्रतिवेदन (२०७०/७१) लाई आधार मान्ने हो भने नेपालमा उच्च शिक्षा अध्ययन गर्नेहरूमा छात्रको भन्दा छात्राको संख्या बढी भइसकेको छ। २०४८ सालमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये १५ प्रतिशतभन्दा कम महिला थिए (प्रमाणपत्र तहसहित गन्दा २३ प्रतिशत) भने बाँकी करीब ८५ प्रतिशत पुरुष थिए। सो अनुपातमा व्यापक परिवर्तन भएर अहिले छात्राहरू ५१ प्रतिशतभन्दा बढी छन्। *(हे. तालिका १)* यो ऐतिहासिक परिवर्तन हो र यसले नेपाली समाजमा दूरगामी प्रभाव पार्ने निश्चित छ।

थप उत्साहजनक तथ्य के हो भने, यस्तो लैंगिक फेरबदल मुलुकका पाँचै विकास क्षेत्रमा भएको देखिन्छ। २०४७/४८ सालमा सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा उच्च शिक्षामा छात्राको भर्ना प्रतिशत करीब ७ र १४ प्रतिशत थियो (त्यो पनि आईएसमेत गनेर) जुन २०७०/७१ सालमा आइपुग्दा बढेर क्रमश: करीब ४९ र ५० प्रतिशत पुगेको छ, यद्यपि, कुल विद्यार्थी संख्याको हिसाबले यी दुवै क्षेत्र अन्य विकास क्षेत्रभन्दा अझै पछाडि छन्। पूर्वाञ्चल र पश्चिमाञ्चलका हकमा उच्च शिक्षामा भर्ना हुने कुल विद्यार्थीमध्ये छात्राको संख्या क्रमश: ५३ र ६० प्रतिशत छ। अर्थात् समग्रमा यी दुवै विकास क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्ने छात्रहरूको तुलनामा छात्राको संख्या निकै बढी छ। सबैभन्दा बढी विद्यार्थी अध्ययन गर्ने मध्यमाञ्चलमा भने अझै पुरुषकै वर्चश्व छ: छात्रा करीब ४९ प्रतिशत र छात्र ५१ प्रतिशत।

## छात्रा संख्या बढ्नुका कारण र प्रभाव

उच्च शिक्षाको क्षेत्रमा अहिले देखिएको महिलाको यो उत्साहजनक परिवर्तनका पछाडि केही खास कारण छन्। पहिलो र प्रमुख कारण 'लेबर माइग्रेसन' हो। पछिल्ला वर्षहरूमा उच्च शिक्षा अध्ययन गर्ने उमेर (१८-२५) का युवाहरू ठूलो संख्यामा कामको खोजीमा विदेशिने गरेका छन्। र, तीमध्ये अधिक संख्यामा पुरुष नै छन्, महिलाको संख्या सानो छ। पछिल्लो जनगणना (२०६८ साल) मा सबैभन्दा बढी अनुपस्थित जनसंख्या (एब्सेन्टी पपुलेसन) पश्चिमाञ्चल क्षेत्रकै थियो र यही क्षेत्रका कलेजमा सबैभन्दा बढी महिला विद्यार्थी देखिएका छन्। महिला विद्यार्थीको संख्या बढ्नुको अर्को कारण, विदेशमा अध्ययन गर्न जानेमा पनि पुरुषकै बाहुल्य हुनु हो। त्यसबाहेक,

**तालिका १ : नेपालको उच्च शिक्षामा आएको लिंगीय फेरबदल**

| विकास क्षेत्र | २०४७-४८ साल* | | जम्मा | २०७०-७१ साल** | | जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्र (प्रतिशत) | छात्रा (प्रतिशत) | | छात्र (प्रतिशत) | छात्रा (प्रतिशत) | |
| पूर्वाञ्चल | १२८३२ (८१) | ३०१८ (१९.०) | १५८५० | २८४२१ (४७) | ३२११५ (५३) | ६०५३६ |
| मध्यमाञ्चल | ४१५३१ (७४.१) | १४५३१ (२५.९) | ५६०४५ | १२५६६७ (५१.२) | ११९३८३ (४८.८) | २४५०५० |
| पश्चिमाञ्चल | ११६९० (७९) | ३१२६ (२१.०) | १४८१६ | ३००६४ (४०) | ४५०९५ (६०) | ७५१५९ |
| मध्यपश्चिमाञ्चल | ४०५२ (८६.१) | ६५७ (१३.९) | ४७०९ | २००१६ (५०) | २००१६ (५०) | ४००३२ |
| सुदूरपश्चिमाञ्चल | ३७७ (९२.९) | २९ (७.१) | ४०६ | १९४०७ (५१.२) | १८४३६ (४८.८) | ३७८४४ |
| **जम्मा** | ७०४८२ (७६.६६) | २१३४४ (२३.३४) | ९१८२६ | २२३७१८ (४८.८) | २३४९०३ (५१.२) | ४५८६२१ |

*स्रोत: राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र विश्वविद्यालय अनुदान आयोगको ईएमआईएस प्रतिवेदन २०७०/७१।*

**यसमा प्रवीणता प्रमाणपत्र तह पढ्ने विद्यार्थीको समेत तथ्यांक परेको छ। **प्रतिवेदनमा उल्लिखित 'जेण्डर प्यारिटी इन्डेक्स' र कुल विद्यार्थी संख्याबाट हिसाब गरेर यो तथ्यांक निकालिएको हो।*

**सरकारले निजी क्षेत्रलाई खुला छाडिदिएर उदारीकरण र निजीकरणका पक्षधरलाई खुशी तुल्याएको छ। शिक्षालाई व्यवसाय बनाएर मुनाफा कमाउन पाउँदा शिक्षा-व्यापारीहरू झनै फुरुङ्ग छन्। दुःखी त कमजोर आर्थिक वर्गका त्यस्ता नागरिक/अभिभावक छन् जसलाई उच्च शिक्षाको बजारीकरणले ढाड सेकेको छ।**

विश्वभर नै खासगरी किशोर वयका केटाहरूले विभिन्न कारणले पढाइ बीचैमा छाडेको पाइन्छ। नेपालमा पनि त्यस्तो प्रवृत्ति देखन थालिएको छ, जसको भरपर्दो अध्ययन हुनसकेको छैन।

कारण जेसुकै भए पनि तथ्य के हो भने उच्च शिक्षा अध्ययन गर्ने पुरुषहरूको तुलनामा महिलाहरूको संख्या बढिरहेको छ (यद्यपि स्नातकोत्तर वा त्यसमाथिको तहमा भने पुरुषकै दबदबा कायम छ)। यसले निश्चित समुदाय, जस्तै दलित, मुस्लिम र केही अन्य समुदायबाहेक खासगरी निम्नमध्यम या मध्यम वर्गमा महिला शिक्षाले स्वीकृति पाएको मात्रै देखाउँदैन, पुरुषभन्दा महिलाले बढी शैक्षिक योग्यता हासिल गर्ने स्थिति पनि बन्दै गरेको संकेत गर्छ।

समय अझै लाग्नेछ, तर त्यो दिन टाढा छैन भन्न सकिन्छ जब सरकारी र अन्य क्षेत्रमा 'भ्याकेन्सी' खुल्दा आवेदन दिनेमा महिलाहरूको संख्या बढी हुनेछ। आरक्षण त छँदैछ, उनीहरू खुला प्रतिस्पर्धामा उत्तिकै संख्यामा उत्तीर्ण हुनसक्दा कार्यालयहरूको 'डाइनामिक्स' मा यसले परिवर्तन ल्याउनेछ। त्यसबाहेक, नेपाली समाजमा वैवाहिक सम्बन्धमा महिलाको भन्दा बढी शैक्षिक योग्यता भएको पुरुषको खोजी गर्ने जुन प्रचलन छ त्यसमा पनि यसले परिवर्तन ल्याउनेछ। र, अन्ततः परिवारको पुरुष सदस्यभन्दा महिला सदस्य बढी शैक्षिक योग्यता हासिल गरेका हुनेछन्। यसले परिवारमा पुरुषको प्रभुत्व कम गरी नेपाली समाजलाई लैंगिक समानतातर्फ डोऱ्याउने अनुमान गर्न सकिन्छ। तत्कालका लागि यी सबै संकेत कोरा अनुमान जस्तो लागे पनि यसले आउँदा दिनमा नेपाली समाजको सामाजिक संरचनालाई प्रभावित तुल्याउनेमा शंका छैन। नेपालको शिक्षा क्षेत्रमा छोटो समयमै देखिएको यो ठूलो लैंगिक परिवर्तनलाई मिहिन र व्यवस्थित तवरले अध्ययन, अनुसन्धान गर्नु जरुरी छ।

## चिन्ता गर्नुपर्ने पक्ष

नेपालको उच्च शिक्षा क्षेत्रमा अढाइ दशक अवधिमा देखिएको उन्नति र प्रगति सतहमा 'इम्प्रेसिभ' र स्वागतयोग्य देखिए पनि अलि मिहिन पाराले केलाउने हो भने यो विस्तारमा केही विसंगति र अवाञ्छित प्रवृत्ति पनि उत्तिकै देखिन्छन्। माथि उल्लेख गरिए झैं उच्च शिक्षा प्रदायक संस्था या कलेजको संख्यामा भएको वृद्धि सरकारी प्रयत्नका कारण सम्भव भएको होइन। कतिपय क्षेत्र (खासगरी ग्रामीण क्षेत्र) मा स्थानीय समाजसेवी या अभियन्ताहरूको सक्रियतामा कलेजहरू खोलिएका छन्। यस्ता कलेजले नाफा कमाएर प्रवर्द्धकहरूलाई बाँड्दैनन्, तर ती कलेज सञ्चालन हुने भनेको मूलतः विद्यार्थीबाट उठाइने शुल्कबाटै हो। निजी त निजी भई गए, नाफा कमाउने ध्येयका साथ ती खुलेका हुन्।

सरकारले उच्च शिक्षा प्रवर्द्धनमा लगानी गर्न मात्रै छोडेको नभई राम्ररी अनुगमन समेत नगरी निजी क्षेत्रलाई खुला छाडिदिएर उदारीकरण र निजीकरणका पक्षधर विश्व ब्यांक जस्ता निकायलाई खुशी तुल्याएको छ। एक त आफूले लगानी गर्नु नपर्ने र त्यसमाथि विद्यार्थीका झन्झट (बन्द, हडताल, विरोध, आदि) पनि बेहोर्नु नपर्दा सरकार दंग देखिन्छ। त्यसबाहेक, शिक्षालाई व्यवसाय बनाएर सहज मुनाफा कमाउन पाउँदा शिक्षा-व्यापारीहरू झनै फुरुङ्ग छन्। उल्लासित पैसा भएका त्यस्ता बाबुआमा पनि छन्, जसले अन्य अवस्थामा सहजै बलियो प्रतिस्पर्धा हुने विषय पढ्न नपाउने आफ्ना सन्तानका निम्ति पैसा तिरेर सजिलै 'प्रमाणपत्र किनिदिन' पाएका छन्। दुःखी त कमजोर आर्थिक वर्गका त्यस्ता नागरिक/अभिभावक छन् जसलाई उच्च शिक्षाको बजारीकरणले ढाड सेकेको छ। तिनका सन्तान असमयमै या त पढाइ छाड्न र विदेशिन बाध्य या खासै 'बजारभाउ नभएका' केही निश्चित कलेज र विषयमा कुण्ठित अभिशप्त छन्।

## निश्चित विषयको ग्रामिणीकरण र विषमताको पुनरुत्पादन

उच्च शिक्षामा सरकारले प्रदर्शन गरिरहेको अरुचि र त्यसका कारण सृजित सामुदायिकीकरण एवं निजीकरणले निश्चित विषय, निश्चित क्षेत्रमा मात्र उपलब्ध हुने देखाएको छ। उदाहरणका लागि, चिकित्सा शास्त्र या इन्जिनियरिङ विषय पढ्न या प्रमुख शहरी क्षेत्र या काठमाडौं नै धाउनु जरुरी छ (स्मरणीय छ, उच्च स्वास्थ्य शिक्षालाई सुधार्न आन्दोलनरत डा. गोविन्द केसीको एउटा माग यदि थप मेडिकल कलेज स्थापना गर्ने हो भने त्यो काठमाडौं बाहिर स्थापना हुनुपर्छ भन्ने रहेको छ)।

मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका नागरिकको उच्च शिक्षामा पहुँच केही हदसम्म बढे पनि ती क्षेत्रका बहुसंख्यक बासिन्दाले अहिले पनि आफ्नै क्षेत्रमा पढ्न पाउने विषय भनेका शिक्षा या व्यवस्थापन नै हुन्। मुलुकका अन्य 'दुर्गम' भनिने जिल्लाका सामुदायिक क्याम्पसको अवस्था पनि योभन्दा खासै फरक छैन। अर्थात् निश्चित विषयको ग्रामिणीकरण भएको छ। यसले गर्दा ग्रामीण क्षेत्रका बासिन्दाले विज्ञानप्रविधि, कृषि, वन वा इन्जिनियरिङ र मेडिसिन जस्ता विषय पढ्न पाउने अवस्था अद्यापि छैन। प्राविधिक र बजारमा बढी 'बिकाउ' भनिएका विषयमा निश्चित वर्ग र क्षेत्रका नागरिकको मात्रै पहुँच हुने अवस्था सृजना भएको छ। अहिलेको उच्च शिक्षाको व्यवस्थाले गर्दा नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लिंगीय र क्षेत्रीय विषमताले निरन्तरता पाउने र प्रकारान्तरले पनि त्यसकै पुनरुत्पादन हुने देखिन्छ। यसमा थप अनुसन्धानको खाँचो छ।

माथि सुदूरपश्चिम तथा मध्यपश्चिममा समेत उच्च शिक्षामा लैंगिक हिसाबले समानता आउन लागेको उल्लेख गरिएको छ। तर, यस्तो समानता आउनुको एउटा कारण ती क्षेत्रका अभिभावकले आफ्ना छोरालाई काठमाडौंलगायतका क्षेत्रमा प्राविधिक र अन्य विषय पढ्न पठाउने र छोरीलाई स्थानीय तहमै पढाउने गरेकाले पनि हो भन्ने अनुमान गर्न सकिन्छ। अर्को तथ्य के छ भने यी भेकमा अध्ययनरत विद्यार्थीमध्ये धेरैले पढ्ने शिक्षा र व्यवस्थापन विषयमा नै सबैभन्दा धेरै विद्यार्थी अनुत्तीर्ण हुने गरेका छन्। शिक्षा संकायमा पुरुषको तुलनामा महिला करीब करीब दोब्बर अध्ययन गर्छन् तर शिक्षा विषयको पास दर करीब १३ प्रतिशत र व्यवस्थापनको १८ प्रतिशत छ जबकि विज्ञान प्रविधिमा अलि धेरै (करीब ३६ प्रतिशत) उत्तीर्ण हुन्छन्। त्यसैले गर्दा पनि स्नातकोत्तर तहमा छात्राहरूको प्रतिशत स्वात्तै घट्न पुग्छ। अर्थात् ग्रामीण र पश्चिमी क्षेत्रका

छात्राहरूले केही हदसम्म स्नातक तहमा अध्ययन गर्ने अवसर त पाउन थालेका छन् तर त्यस्ता विषयमा मात्र जुन बजारमा सहजै बिकाउ छैनन्, जसको पढाइ स्तर (उत्तीर्ण दर, आदि) राम्रो छैन।

## ओरालो लागेको समाजविज्ञान

उच्च शिक्षाबारेको नयाँ तथ्यांकले प्राविधिकभन्दा साधारण शिक्षाकै बाहुल्य देखाउँछ। यद्यपि, प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या सुस्तदरमा बढ्दैछ। विश्वविद्यालय अनुदान आयोगको पछिल्लो प्रतिवेदन अनुसार करीब १५ प्रतिशत विद्यार्थीले प्राविधिक विषय र बाँकीले साधारण शिक्षा अध्ययन गर्छन्। तर यसबीच साधारण शिक्षामा एउटा उल्लेख्य परिवर्तन देखिएको छः मानविकी तथा सामाजिक विज्ञानका क्षेत्रमा विद्यार्थी भर्ना दर स्वात्तै घटेको छ। २०५२ सालमा यस संकायमा भर्ना हुने कुल विद्यार्थी संख्याको ३८ प्रतिशत थियो। यो २०६७ सालमा आइपुग्दा सो संख्या १७ प्रतिशत र २०७१ मा आइपुग्दा १२ प्रतिशतमा झरेको देखिन्छ। यसले समाज विज्ञान अध्ययन गर्ने विद्यार्थी साधारण शिक्षाका अन्य संकाय (शिक्षा तथा व्यवस्थापन) तर्फ आकर्षित भएको देखाउँछ। र, त्यसका लागि मुलुकैभरि पछिल्लो समय खुलेका सामुदायिक तथा निजी कलेज धेरै हदसम्म जिम्मेवार छन्, जसले फगत शिक्षा र व्यवस्थापनका शैक्षिक कार्यक्रम मात्र सञ्चालन गरिरहेका छन्।

समग्रमा मानविकी र समाज विज्ञान अध्ययन गर्ने विद्यार्थीको संख्या घट्दै गए तापनि त्यो अहिले नै ठूलो चिन्ताको विषय बन्नु जरूरी नहोला (यो विश्वव्यापी प्रवृत्ति पनि हो)। विगतमा ठूलो संख्यामा विद्यार्थी हुँदा धेरै शिक्षक भर्ना गरिएकाले थोरै विद्यार्थी हुँदा खासमा बलियो शिक्षा दिन सैद्धान्तिक रूपमा सम्भव हुन्छ। शिक्षक विद्यार्थीको अनुपात साँघुरिंदा उनीहरूबीचको प्रत्यक्ष सम्पर्क

**प्राविधिक र बजारमा बढी 'बिकाउ' भनिएका विषयमा निश्चित वर्ग र क्षेत्रका नागरिकको मात्रै पहुँच हुने अवस्था सृजना भएको छ। अहिलेको उच्च शिक्षाको व्यवस्थाले गर्दा नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लिंगीय र क्षेत्रीय विषमताले निरन्तरता पाउने र प्रकारान्तरले पनि त्यसकै पुनरुत्पादन हुने देखिन्छ।**

बढ्ने र गुणस्तरीय शिक्षा पाउन सक्छन्। यद्यपि, विभिन्न कारणले गर्दा त्यो दिशातर्फ जाला भन्ने विश्वास गरिहाल्ने अवस्था अहिले छैन। *(हे. शिक्षकको गतांकको लेख)*

## निचोड

नेपालको विगत २५ वर्षको उच्च शिक्षाको विकास र विस्तार सरसर्ती हेर्दा तारीफयोग्य देखिन्छ। विद्यार्थी र कलेजको संख्यामा तुलनात्मक रूपमा उल्लेख्य वृद्धि, महिला विद्यार्थीको संख्यामा देखिएको ठूलो वृद्धि र मुलुकका विभिन्न क्षेत्रमा खोलिएका उच्च शिक्षालय आदि सकारात्मक परिवर्तनका द्योतक हुन्। र, यस्तो परिवर्तनले नेपाली समाजलाई नै सकारात्मक प्रगतितर्फ डोर्‍याउने सम्भावना देखाउँछ। तर, यति हुँदाहुँदै पनि यो विस्तारका आफ्नै कमी-कमजोरी उत्तिकै छन्, जसलाई समयमै सम्बोधन गरिनु जरूरी छ। त्यसो भए मात्र उच्च शिक्षाको यो विस्तार समतामूलक र दिगो हुनेछ। 📖

**(लेखकहरू मार्टिन चौतारीका अनुसन्धाता हुन्।)**